# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## मण्डनदेउपुर नगरपालिका,
## काभ्रेपलाञ्चोक




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः २०७८।७९
च.नं.

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक ।

**कैफियत सहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.४ करोड ७९ लाख ५७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.१ लाख ३८ हजार फस्र्योट भई र रू.४ करोड ७८ लाख १९ हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.१ करोड ३१ लाख ५६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ८ लाख २८ हजार, नियमित गर्नुपर्ने रू.३० लाख ३७ हजार र पेश्की रू.७ लाख ९८ हजार रहेको छ ।पालिकाको गतवर्षसम्मको १३ करोड ३ लाख १२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू १५ करोड ४२ लाख ७९ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४१ | ३० | ४७९५७ | ० | २ | १३८ | ४१ | २८ | ४७८१९ | १३१५६ | ३०३७ | ३०८२८ | ० | ० | ३३८६५ | ७९८ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रे | १३०३१२ | ० | २३८५२ | १०६४६० | ० | ४७८१९ | १५४२७९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक , मण्डनदेउपुर नगरपालिका , काभ्रेपलाञ्चोक

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रणराज न्यौपाने | २०७७-४-१ | |
| कार्यालय प्रमुख | श्रीधर के.सी. | २०७८-७-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुष्प राज बजगाई | २०७६-८-२० | |
| | | **बेरुजु रकम** | ४७,९५६,८२९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २१,७३,७३,०५१.०८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१,०८,९३,५८० | **चालु खर्च** | ४४,७२,२६,३०९.५ |
| **प्रदेश सरकारबाट अनुदान** | १३,३६,८७,००० | **पूँजीगत खर्च** | ३८,१४,३५,०३१.३८ |
| **राजश्व बाँडफाँट** | १७,०१,७६,४६१.१९ | **वित्तीय/अन्य व्यवस्था** | १,८४,७३,२७८.४ |
| **आन्तरिक आय** | २,७०,५३,३१६.४९ | | |
| **अन्य आय** | १७,७५,७४,२४३.५ | | |
| **कुल आय** | ९१,९३,८४,६०१.१८ | **कुल खर्च** | ८४,७१,३४,६१९.२८ |
| **बाँकी मौज्दात** | | २८,९६,२३,०३२.९८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>
वित्तीय विवरण
परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ८९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ६५९ जनसंख्या रहेको छ ।
मण्डनदेउपुर नगरपालिकाको आर्थिक बर्ष ०७७।७८ को आय ब्ययको स्थिति निम्नानुसार रहेको छः
<table>
<tr><td colspan="3">आय तर्फ</td><td colspan="3">खर्च तर्फ</td></tr>
<tr><td>क्र.सं</td><td>विवरण</td><td>रकम रु</td><td>क्र.सं</td><td>विवरण</td><td>रकम रु</td></tr>
<tr><td>१</td><td>संघिय सरकार</td><td></td><td></td><td>पुँजिगत खर्च</td><td></td></tr>
<tr><td>क</td><td>समानिकरण अनुदान</td><td>११४८०००००.</td><td></td><td>मण्डनदेउपुर नगर कार्यपालिका: पूंजीगत</td><td>२१८९११४०१</td></tr>
<tr><td>ख</td><td>शशर्त अनुदान चालु</td><td>२६३६९१०८०.</td><td></td><td>कृषि तथा पशुपन्छी विकास : पूंजीगत</td><td>४९८३८७८</td></tr>
<tr><td>ग</td><td>विषेश अनुदान</td><td>१००००००००.</td><td></td><td>मण्डनदेउपुर नगरपालिका - शिक्षा : पूंजीगत</td><td>२१२५९८६</td></tr>
<tr><td>घ</td><td>समपुरक अनुदान चालु</td><td>२२४०२५००.</td><td></td><td>मण्डनदेउपुर नगरपालिका - स्वास्थ्य बजेट प्रकार : पूंजीगत</td><td>१५६९७०७७</td></tr>
<tr><td></td><td>संघ तर्फको जम्मा</td><td>४१०८९३५८०.</td><td></td><td>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट : पूंजीगत</td><td>१६२६४५८४.३८</td></tr>
<tr><td>२</td><td>प्रदेश सरकार</td><td></td><td></td><td>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट : पूंजीगत</td><td>६६५०९३९८</td></tr>
<tr><td>क</td><td>समानिकरण अनुदान</td><td>१०१३८०००.</td><td></td><td>पुँजिगत जम्मा</td><td>३२४४९२३२४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ख | शशर्त अनुदान चालु | ९००६७०००. | | चालु खर्च | | | |
| | | | | ग | विषेश अनुदान | ३५००००००. | | मण्डनदेउपुर नगर कार्यपालिका: चालु | १०१७६९५८३ | | |
| | | | | घ | समपुरक अनुदान चालु | २९९८२०००. | | कृषि तथा पशुपन्छी विकास : चालु | ३८०५६३० | | |
| | | | | | प्रदेश तर्फको जम्मा | १३३६८७०००. | | मण्डनदेउपुर नगरपालिका - शिक्षा : चालु | २६०३७३८२ | | |
| | | | | ३ | राजश्वबाँडफाँट बाट प्राप्त | १७०१७६४६१.१९ | | मण्डनदेउपुर नगरपालिका - स्वास्थ्य बजेट प्रकार : चालु | ३२९५७३५ | | |
| | | | | ४ | आन्तरी श्रोत बाट प्राप्त | २७०५३३१६.४९ | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट :चालु | २०६०५९२४४.५ | | |
| | | | | ५ | अन्य कोषबाट | | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट : चालु | ३६४७५६२ | | |
| | | | | क | धरौटी प्राप्त | ११५०२९५१. | | चालु जम्मा | ३४४६१५१३७ | | |
| | | | | ख | प्रकोप कोषमा प्राप्त | २४९३२२५. | | अन्य कोषहरुको खर्च | | | |
| | | | | ग | सडक बोर्डबाट प्राप्त | ३७०३५६४. | | धरौटी | ३८०५४५८.८ | | |
| | | | | घ | जिल्ला समन्वय समितिबाट प्राप्त | १४००००००. | | प्रकोप व्यवस्थापन कोष | ११८९३०४०.६ | | |
| | | | | ङ | इको हिमालबाट प्राप्त | ९२०००. | | मर्मत सम्भार कोष | ७४७३४४८ | | |
| | | | | च | कोरोना बिमाबाट प्राप्त | १०००००. | | सडक बोर्ड नेपाल | १६०४३४१ | | |
| | | | | छ | IT को तलब भत्ताका लागि प्राप्त | ३६०९०२.५ | | जिल्ला समन्वय समिति अन्तरगत प्राप्त बजेट | १४०००००० | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ज | कृषकबाट नगद संकलन | २६८१५००. | | कोरोना बिमा | १००००० | | |
| | | | | झ | हिंसा कोष | १०००००. | | कृषि नगद संकलनबाट भुक्तानी | २६७४७७९ | | |
| | | | | ञ | मर्मत सम्भार कोष | ६०६४०१०. | | अन्य कोषहरुको जम्मा | ४१५५१०६७.४ | | |
| | | | | | अन्य कोषको जम्मा | ४१०९८१५२.५ | | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | |
| | | | | ६ | अ.ल्या. | | | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ८१७७९३७. | | |
| | | | | क | संचितकोषबाट | १८४००७६०१.७ | | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ११८९९१८४. | | |
| | | | | ख | धरौटीबाट | ५९४९४७७.०८ | | सामाजिक सुरक्षा तथा संरक्षण | १०२६१११७३. | | |
| | | | | ग | प्रकोप कोषबाट | १८४४२२००. | | प्रदेश पूर्वाधार विकास कार्यक्रम | १३७८७७९७. | | |
| | | | | घ | विविध कोष खाता | ८९७३७७२.३ | | अन्तर सरकारी वित्तिय हस्तान्तरणको जम्मा | १३६४७६०९१. | | |
| | | | | | जम्मा अ.ल्या | २१७३७३०५१.०८ | | कुल जम्मा | ८४७१३४६१९.२८ | | |
| | | | | ७ | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | मौज्दात | २८९६२३०३२.९८ | | |
| | | | | क | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ८१७७९३७. | | | | | |
| | | | | ख | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ११८९९१८४. | | | | | |
| | | | | ग | सामाजिक सुरक्षा तथा संरक्षण | १०२६१११७३. | | | | | |
| | | | | | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>घ</td><td>प्रदेश पूर्वाधार विकास कार्यक्रम</td><td>१३७८७७९७.</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>अन्तर सरकारी वित्तिय हस्तान्तरणको जम्मा</td><td>१३६४७६०९१.</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>११३६७५७६५२.२६</td><td></td><td>कुल जम्मा</td><td>११३६७५७६५२.२६</td></tr>
</table>
वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>
(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>
(ख)लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br><br>
(ग)कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>खरिद ब्यवस्थापन</td><td></td></tr>
<tr><td>२.१</td><td></td><td></td><td>पालिकाले निर्माण ब्यवसायीबाट गराएको निर्माण कार्यको गुणस्तर परीक्षण गराउने गरेको भएतापनि उपभोक्ता समितिबाट भएको कामको गुणस्तर परीक्षण हुने गरेको पाइएन । तसर्थ उपभोक्ता समितबाट हुने निर्माण कार्यहरुको समेत गुणस्तर परीक्षण गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गरेको पाइएन । तसर्थ पालिकाले ऐनमा तोकिएबमोजिम सार्वजनिक परीक्षण गर्ने तर्फ ध्यान पुर्याउनु पर्दछ । | |
| ३ | | | **पेश्की बाँकी**<br>आर्थिक बर्षको अन्त्य सम्ममा फछ्र्यौट हुन नसकी बाँकी रहेको देहायका ब्यक्ती फर्म तथा संस्थाको नाममा रहेको पेश्की आर्थिक कार्यविधि नियमावली २०७७ बमोजिम यथाशीघ्र फछ्र्यौट हुनु पर्ने रु | ७९८,४५२ |

| सि.नं. | पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको रकम | म्याद नाघेको रकम |
| १ | ठेकेदार | | | |
| १ | ०४/०१/२०७७ | थोकर/निभा/लयुल जे.भी | ० | ० |
| २ | ०४/०१/२०७७ | थोकर/निभा/लयुल जे.भी | ० | ० |
| ३ | ११/१२/२०७७ | विकोई – जयमाता जे. भी. | १००००००० | ० |
| ४ | ०१/०३/२०७८ | महाबीर निर्माण सेवा | ८००००० | ० |
| ५ | ०३/२९/२०७८ | महाबीर निर्माण सेवा | ० | ४५०००० |
| ६ | ०३/३०/२०७८ | महाबीर निर्माण सेवा | ० | ८००००० |
| ७ | ०३/३१/२०७८ | सुर्यचन्द्र कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ० | ० |
| ८ | १०/०८/२०७७ | विकोई – जयमाता जे. भी. | १२२१६००० | ० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ९ | ११/१२/२०७७ | विकोई – जयमाता जे. भी. | १७८४००० | ० | | |
| | | | | जम्मा | | | २४८०००००० | १२५०००० | | |
| | | | | २ | संस्थागत | | | | | |
| | | | | १ | ०१/०८/२०७८ | जिल्ला खेलकुद विकास समिति काभ्रेपलाञ्चोक | १००००० | ० | | |
| | | | | जम्मा | | | १००००० | ० | | |
| | | | | ३ | उपभोक्ता समिति | | | | | |
| | | | | १ | १२/२३/२०७७ | तिनधारा होमस्टे एकीकृत नमुना तामाङ बस्ती निर्माण समिति | ४२३४५२ | ० | | |
| | | | | जम्मा | | | ४२३४५२ | ० | | |
| | | | | ४ | व्यक्तिगत | | | | | |
| | | | | १ | १०/२६/२०७७ | दिपक कुमार घिमिरे | | ७५,००० | | |
| | | | | २ | ०१/२७/२०७८ | दिपक कुमार घिमिरे | | २००००० | | |
| | | | | जम्मा | | | ० | २७५,००० | | |
| | | | | कुल जम्मा | | | २५३२३४५२ | १५२५००० | | |
| ४ | | | **कानून निर्माण एवं कार्यान्वयन** | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले लेखापरीक्षण अवधिसम्म १९ वटा ऐन, ६ नियमावली, २४ कार्यविधि, २ निर्देशिका र नर्म्स ५ वटा गरी जम्मा ५६ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । उक्त कानुन प्रभावकारी रुपले कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| ४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा निवेदन दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० यो बर्ष दर्ता भएको ६१ गरी जम्मा ७१ मध्ये ४८ वटा फछ्यौट भई २३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ५.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा उप दफा ३ अनुसार नगरपालिका नगर प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्नुपर्ने व्यवस्था मिलाउनु पर्नेमा सो गरेको पाइएन । उपदफा ५ अनुसार नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गर्नुपर्नेमा सो गरेको पाइएन,<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको ,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता आम्सिक रुपमा राखेको,<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरेको<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको | |
| ५.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख र नराखेको र अद्यावधिक नभएको | |
| ५.४ | | | • म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको | |
| ६ | | | **पदाधिकारी सुविधा र विविध खर्च** | |
| ६.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्ने ब्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च तर्फ १,०९,१२,४४७।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीतता कायम गर्नुपर्दछ । | |
| ६.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि पालिकाले आ.ब. ०७७।७८ मा आर्थिक सहायता, चन्दा, पुरस्कार वापत रु २४,००,०००।- वितरण गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ७ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | |
| ७.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ ले महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले विभिन्न सांस्कृतिक कार्यक्रम, खेलकुद, पर्व तथा ब्यक्ति विशेषलाई निश्चित ऐन, कानून तथा कार्यविधि तयार नगरी रु २३,५७,५५०।- भुक्तानी गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययितता कायम गर्नुपर्दछ । | |

| गो.भौ.नं./मिति | संस्था | सहयोग | रकम |
|---|---|---|---|
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १३१-०७७।९।२ | रक्तदेवी युवा क्लब | फुटबल प्रतियोगिता | ३०००० | | |
| | | | | १३९-०७७।९।७ | सेतिदेवी युवा समाज | खेलकुल | ३०००० | | |
| | | | | १४०-०७७।९।७ | कुन्ता पुनाइटेट क्लब | फुटबल | ३०००० | | |
| | | | | १५०-०७७।९।१३ | चन्द्रावती युवा समुह | फुटबल | ३०००० | | |
| | | | | २१५-०७७।१०।२० | मण्डन च्यारिटि समाज | मेयर कप फुटबल | ३३०००० | | |
| | | | | २२५-०७७।१०।२५ | भलिबल प्रतियोगिता | मेयर कप (नारायण प्र. ढकाल पेश्की) | ७५००० | | |
| | | | | २७६-०७७।११।१८ | मण्डनदेउपुर फेडेरेशन इन्टरनेशनल कराते क्योकु शिवकाई डोजो | मेयर कप कराते प्रतियोगिता | ४००००० | | |
| | | | | ३७२-०७८।१।१० | लोकेन्द्र ब. विष्ट | राष्ट्रपति रनिङसिल्ड | २३०५५० | | |
| | | | | ४८८-०७८।३।१७ | लोकेन्द्र ब. विष्ट | राष्ट्रपति रनिङसिल्ड | १५०००० | | |
| | | | | २५८-०७७।११।९ | नेपाल तामाङ घेदुङ | ल्होसार संस्कृतिक जागरण कार्यक्रम | ३००००० | | |
| | | | | २९२-०७७।११।२६ | सोनाम ल्होछार उपभोक्ता समिति मण्डनदेउपुर | सोनाम ल्होछार मनाउने | २००००० | | |
| | | | | ३३१-०७७।१२।१२ | उद्बब थापा | सगरमाथा चड्न सहयोग | ३००००० | | |
| | | | | ३३६-०७७।१२।१८ | कालिका स्थान टोल विकास संस्था | साँस्कृतिक कार्यक्रम | १००००० | | |
| | | | | ४८६-०७८।३।१७ | लाएन्स कल्बअफ काभ्रे | अनुदान सहयोग | १५२००० | | |
| | | | | जम्मा | | | २३५७५५० | | |
| ७.२ | | | संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान बर्ष भरी खर्च नभई बाँकी रहेको अवस्थामा | | | | | | १५,०६६,८५२ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७८ असार मसान्तमा देहाय बोमोजिम खर्च नभई बाँकी रहेको अनुदान फिर्ता गरेको पाइयो ।

क) संघ सरकार सशर्त अनुदान

| क्र.सं. | अनुदानको किसिम | जम्माअनुदान | खर्च | बाँकि (फ्रिजहुनुपर्ने | फिर्ता गरेको | फिर्ता गर्न बाँकी |
|---|---|---|---|---|---|---|
| १ | शशर्त अनुदान | २६३६९१०८० | २२०७२३८२८.८८ | ४२९६७२५१.१२ | ३६३००३९९.१२ | ६६६६८५२ |
| २ | समपुरक अनुदान | २२४०२५०० | ० | २२४०२५०० | २२४०२५०० | ० |
| ३ | विशेष अनुदान | १००००००० | १६००००० | ८४००००० | ० | ८४००००० |
| जम्मा | | २९६०९३५८० | २२२३२३८२८.८८ | ७३७६९७५१.१२ | ५८७०२८९९.१२ | १५०६६८५२ |

आर्थिक बर्षको अन्तमा खर्च नभई बाँकी रहेको जम्मा अनुदान रु ७३७६९७५१।१२ मध्ये रु ५८७०२८९९।२२ फिर्ता गरेको छ र सशर्त अनुदान तर्फ रु ६६६६८५२।- र विशेष अनुदान तर्फ रु ८४०००००।- गरी जम्मा रु १५०६६८५२।- फिर्ता गर्न बाँकी देखिन्छ । कार्यालयले बाँकी रकम फिर्ता नगरी योजनामा खर्च गरेको जनाएको छ ।

ख) प्रदेश सरकार सशर्त अनुदान

| क्र.सं. | अनुदानको किसिम | जम्माअनुदान | खर्च | बाँकि (फ्रिजहुनुपर्ने | फिर्ता गरेको |
|---|---|---|---|---|---|
| १ | शशर्त अनुदान | ९००६७००० | ६७८०१०९२ | २२२६५९०८ | २२२६५९०८ |
| २ | समपुरक अनुदान | २९९८२००० | १२१६३०५४ | १७८१८९४६ | १७८१८९४६ |
| ३ | विशेष अनुदान | ३५००००० | २३५५८६८ | ११४४१३२ | ११४४१३२ |
| जम्मा | | १२३५४९००० | ८२३२००१४ | ४१२२८९८६ | ४१२२८९८६ |

सवैं रकम फिर्ता गरेको । जसमध्ये रु ४७,९५,७४६।- असारमा भौचर उठाइ साउनमा बैंक दाखिला गरेको बाँकी भौचर नउठाइ पछि बैंक दाखिला गरेको देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **बजेट तथा कार्यक्रम** | |
| ८.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७७।३।१० मा नीति तथा कार्यक्रम बजेट रु १ अर्ब ५ करोड २९ लाख ६६ हजार ६६९ सभामा पेश गरी मिति २०७७।३।१६ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७७।३।२२ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा ब्यवस्था छ । यस स्थानीय तहले यो बर्ष पूँजीगत तर्फ रु १,००,२०,९६७।- र चालु तर्फ रु ८,९१,४८०।- गरी जम्मा रु १,५८,००,०००।- अवण्डा राखेको छ । बजेट अवण्डा राखी कार्यपालिकाको निर्यणबाट खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |
| ८.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार सो गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो बिकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट बिनियोजन गरी खर्च गर्नु पर्ने हुन्छ । यस पालिकाको आ.ब. ०७७/७८ को क्षेत्रगत बजेट र खर्चको स्थिती देहाअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ७८५४६८६४ | ३६१५१७४१ | ४६.०३ |
| सामाजिक क्षेत्र | ३७९०८०५७४ | २९०३३०४९७.०४ | ७६.५९ |
| पूर्वाधार विकास क्षेत्र | ४०६४२०४०६ | २२४०३४६५८.84 | ५५.१२ |
| वातावरण तथा विपद्व्यवस्थापन | १०८३२१६० | ३१५५३०३ | २९.१३ |
| वित्तीय व्यवस्थापन र सुशासन | १०३४७१०४ | ५०४७०७३ | ४८.७७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | २२४८३३१४१ | ११०३८८१८८ | ४९.१ |
| जम्मा | १११००६०२४९ | ६६९१०७४६०.८८ | ६०.२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले हालसम्म कुनै प्रोफाइल तयार गरेको देखिएन । अत नियममा भएको व्यवस्था अनुसार सबै विषयहरुलाई समेटि नगर प्रोफाइल तयार गर्नुपर्दछ । | |
| ८.६ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार नगरेकोले स्पष्ट लक्ष्य र कार्य सम्पन्न भएको अवस्था देखिने बार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **चौमासिक पुँजीगत खर्च**<br>चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| ८०३२६४०६१०१ मण्डनदेउपुर नगरपालिका | २१,८९,११,४०१ | २,१५,२१,६९६ | ७,७२,८४,०३८ | १२,०१,०५,६६७ | ८,८८,१४,६११ |
| ८०३२६४०६१०३ कृषि तथा पशुपन्छी विकास | ४९,८३,८७८ | | | ४९,८३,८७८ | ४९,८३,८७८ |
| ८०३२६४०६३०१ शिक्षा | २१,२५,९८६ | | | २१,२५,९८६ | १४,३७,३८६ |
| ८०३२६४०६३०२ स्वास्थ्य | १,५६,९७,०७७ | १०,११,०३३ | ८४,८५,१८७ | ६२,००,८५७ | १,४८,६८४ |
| ८०३२६४०६५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १,६२,६४,५८४.३८ | | १,७४,२८० | १,६०,९०,३०४.३८ | १,४४,५५,३०२.३८ |
| ८०३२६४०६५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ६,६५,०९,३९८ | | १,४९,१२,४१५ | ३,५१,०२,७५८ | २,४१,५१,०६० |
| | ३२४४९२३२४.३८ | ३९०२६९५४ | १००८५५९२० | १८४६०९४५०.३८ | १३३९९०९२१.३८ |
| खर्च प्रतिशत | १०० | 12.03 | 31.08 | 56.89 | 41.29 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **सेवा प्रवाह**<br>**सेवा प्रवाह :- नगरपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ। सेवा प्रवाहलाई थप प्रभावकारी वनाउनु पर्दछ ।** | |

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिश संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिश | १२५३ | १२५३ | |
| २ | घरबाटो सिफारिश | ११२४ | ११२४ | |
| ३ | नाता प्रमाणित | ४९१ | ४९१ | |
| ४ | जन्म दर्ता | ८२५ | ८२५ | |
| ५ | मृत्यु दर्ता | ३४३ | ३४३ | |
| ६ | अन्य | ६२९५० | ६२९५० | |

| क्र.सं. | घरनक्शा पासको निवेदन संख्या | अस्थायी | कार्यसम्पन्न संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | गत विगत बर्ष अनुमति लिएका मध्ये | यो बर्ष अनुमति लिएका मध्ये | जम्मा | |
| १ | १५ | - | १५ | ५ | २० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । तर पालिकाले हालसम्म नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी स्वीकृत गरेको छैन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित स्वास्थ्य, पशु सेवा, कृषि सेवाको गरी जम्मा १३८ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित संघबाट समायोजन भई आएका ३५ जना, साविक स्थानीय निकायमा कार्यरत ३४ जना र लोकसेवा बाट सिफारिश ४३ जना गरी ११२ जना पदपूर्ति भएको देखिन्छ र विभिन्न पदमा गरी जम्मा २६ जना रिक्त रहेको देखिन्छ । त्यसैले पालिकाले नयाँ संगठन तथा व्यवस्थापन संरचना तयार गरी रिक्त पदहरुको समयमै पदपूर्ती गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी वनाउने तर्फ विशेष ध्यानदिनुपर्दछ । | |
| ११.२ | | | क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ७७ जना कर्मचारीहरु करारमा राखी रु २,१६,४५,७९६।- खर्च लेखेको छ ।<br>ख) त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर, सामाजिक परीचालक र आइटी पदमा गरी जम्मा ३० जना करार नियुक्ति गरी बर्ष भरीमा रु ८४,३३,४२७।- भुक्तानी गरेको छ । | |
| ११.३ | | | निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) अनुसार उपत्यका भित्रका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरुको तलवी प्रतिवेदन निजामती कितावखानावाट पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । त्यस्तै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति२०७६।५।१८ को पत्रवाट स्थानिय तहका कर्मचारी र संघवाट स्थानिय तहमाखटिएका कर्मचारीहरुको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन गर्न परिपत्र गरेको भएतापनि यस नगरपालिकामा कार्यरत प्रशासनिक र स्वास्थ्य सेवा तर्फका स्थाई कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी तलब र ग्रेड बापत रु १,३५,०७,३५२।- तलव खर्च लेखेको छ। तलवी प्रतिवेदन पारित नभएको हुंदा कर्मचारीहरुलाई के कति दर र सख्यामा ग्रेड बापत खर्च लेखेको हो एकिन गर्न सकिएन ।त्यसैले नियमानुसार तलबी प्रतिबेदन पारीत गराएर मात्र तलब र ग्रड बापत खर्च लेख्नु पर्दछ । | |
| १२ | | | **वित्तीय विवरण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.१ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । तसर्थ पालिकाले तोकिएको ढाँचामा लक्ष्य प्रगति तयार गर्नु पर्दछ । | |
| १२.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना भएको पाइएन । | |
| १२.३ | | | पालिकाले नेपाल सरकारबाट स्वीकृत SuTRA सफ्टवेयरको माध्यमबाट कारोबारको लेखा राख्ने गरेको भएतापनि सबै कारोबारहरु सुत्रमा समेटिएको पाइएन । | |
| १२.४ | | | जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २५२५७७६६५। मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २१७३७३०५१।०८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३५२०४६१३।९२ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएकोमा कार्यालयबाट अनुदान फिर्ता गर्नु पर्ने रकम म्यानुअल्ली चेक काटेर पठाएकोले फरक परेको ब्यहोरा जानकारी प्राप्त भयो । सुत्र प्रणालीबाट समयमा रकम फिर्ता गरी हिसाब मिलान गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>शिक्षा<br>प्रमाण पेश : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को ३९(७ र ८) मा सरकारी निकायबाट प्राप्त अनुदान रकमबाट कुनै तालिम सेमिनार गोष्ठी कार्यशाला जस्ता कार्यक्रम संचालन गर्दा लागत अनुमान स्वीकृत गरी सोही बमोजिम कार्यक्रम संचालन गरी सोको यथार्थ वितरण देखिने गरी प्रतिवेदन तयार गरी कार्यालय प्रमूखबाट स्वीकृत गराउनुपर्ने र अन्त्यमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । निम्नानुसार योजनामा सो प्रकृया अवलम्वन गरेको पाइएन । अत: नियमानुसार पालिकाले विल भरपाई, अनुमगन प्रतिवेदन तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु ७१५००००।-<br>
<table>
<tr><th>गो.भौ.नं</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१४८/३/२४</td><td>महाकालि मा विवागदेवी मा वि विन्धवासिनी मा वि पञ्चकन्या आ वि</td><td>कम्प्युटर ल्याव निर्माण (६५०००० का दरले)</td><td>२६०००००</td></tr>
<tr><td>१६५/३/२७</td><td>विभिन्न विद्यालयलाई</td><td>विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याव (६५०००० का दरले)</td><td>४५५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७१५००००</td></tr>
</table></td><td>७,१५०,०००</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कोभिड व्यवस्थापन</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>पालिकाले संचालन गरेको अस्थायी कोभिड अस्पताल अन्तर्गत १ जना मेडिकल अधिकृत स्टाफ नर्स २ जना र कार्यलय सहयोगी १ जना गरी जम्मा ३ जना कार्यरत रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>कोराना नियन्त्रण र व्यवस्थापनको लागी पालिकाले पूर्व तयारी, प्रचारप्रसार, सामाग्री व्यवस्थापन अन्तर्गत अक्सिजन सिलिण्डर १८ वटा, कन्सन्ट्रेटर ५ वटा, बेड २५ वटा स्थापना गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>पालिका अन्तर्गत पिसिआर परीक्षणको लागि सरकारी तथा निजि कुनै प्रयोगशाला संचालनमा रहेको देखिदैन । पालिकाले आ.ब. ०७७।७८ मा १२४२ जना ब्यक्तीको स्वाब संकलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला धुलिखेल अस्पतालमा निशुल्क परीक्षण गरी १२४२ जनाको परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>पालिका अन्तर्गत स्वास्थ्य तर्फ ४५ जनाको दरबन्दी स्वीकृत भएकोमा ३३ जनाको मात्र पदपूर्ती भएको छ । अन्य रिक्त दरवन्दीहरु समयमै पूर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.५ | | | पालिकाले पालिका अन्तर्गत संचालित क्वारेन्टाइनमा जम्मा ६९ जना बसेको, आइसोलेसनमा बसेको ६० जना र दुइ वटा विद्यालयमा क्रमश ५० र १२ वेडको आइसोलेसन संचालनमा ल्याएको देखिन्छ । | |
| १४.६ | | | पालिकाले आ.ब. ०७७।७८ मा २३५०० जनालाई कोरोना भइरस विरुद्धको खोप लगाएको देखिन्छ । कोरोना सम्बन्धी खोप कार्यक्रमलाई ब्यापक वनाउने तर्फ पालिको ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.७ | | | आ व २०७७/78 को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ । | |

| आम्दानी श्रोत | रकम | खर्च शीर्षक | रकम रु |
|---|---|---|---|
| स्थानीय तहको बजेट | ११४१०७०० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | १८७६६९ |
| संघीय कोभिड कोष | 2000000 | औषधि तथा स्वास्थ्य उपकरण खरिद | १६९७८०५ |
| प्रदेश कोभिड कोष | | आइसोलेसन केन्द्र निर्माण | २१६०४८ |
| अन्य श्रोत | 31500 | स्वाव स्कलन | ५३००० |
| | | जोखिम भत्ता | १६४७५६६ |
| | | प्रशासनिक खर्च/ पारिश्रमिक खर्च | २१२४७७० |
| | | क्वारेन्टाइनमा खाद्यान्न लगायतका अन्य खर्च | १४१९४१९ |
| | | कोरोना बिमा | २३३६७ |
| | | ढुवानी तथा मर्मत | १३१२१२ |
| | | विद्युत/इन्टरनेट | १८४३७५ |
| | | बाँकी | ५७५६९६९.०० |
| जम्मा | १३४४२२०० | जम्मा | १३४४२२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **घटी राजस्वः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | घटी राजस्वः ढाँडखोला-थारखोलाबाट संकलन हुने नदिजन्य पदार्थको संकलन तथा बिक्रिकर शुल्क व्यवस्थापनको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम २१६५५१।५८ घन फिटको रु १९,४८,९६५।- र सोको मु.अ. कर रु २,५३,३६५।४५ सहित जम्मा रु २२,0२,३३०।४५ न्युनतम कबोल अंक कायम गरी मिति ०७७।०६।०१ मा छैठौं पटक सूचना प्रकाशन भएकोमा श्री नेकु सिङ निर्माण सामग्री सप्लायर्सको कबोल अंक मु.अ. कर सहित रु २२,०३,५००।- स्वीकृत गरी मिति २०७७।०६।०२ मा कवुलियतनामा गराएको छ । कबुलियत नामा गराउँदा दिनगन्तीको हिसाबले २८३ दिनमात्र बाँकी रहेकोले मु.अ. कर सहित रु १७,०८,४७२।- रकम मात्र बुझाउनु पर्ने गरी सर्त निर्धारण गरिएको छ ।बाँकी दिनहरुमा अमानतबाट समेत राजस्व रकम असुली भएको छैन । नदिजन्य पदार्थको परिमाण तोकेर ठेक्का व्यवस्थापन भएकोमा समयलाई आधारमानी कबोल अंक भन्दा रु ४,९५,०२८।- घटीमा सम्झौता गरेको देखिएकोले उक्त घटी रकम ब्याज सहित सम्बन्धितबाट असूल उपर गर्नुपर्ने रु. | ४९५,०२८ |
| १५.२ | | | घटी राजस्वः चाखोला-आशीखोलाबाट संकलन हुने नदिजन्य पदार्थको संकलन तथा बिक्रिकर शुल्क व्यवस्थापनको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम १४८३२३ घन फिटको रु १३३४९०७।- र सोको मु.अ. कर रु १७३५३७।९१ सहित जम्मा रु १५०८४४४।९१ न्युनतम कबोल अंक कायम गरी मिति ०७७।०४।०६ मा दोस्रो पटक सूचना प्रकाशन भएकोमा श्री जिन्लप कन्स्ट्रक्सनको कबोल अंक मु.अ. कर सहित रु १५०९६८०।- स्वीकृत गरी मिति २०७७।०५।०१ मा कवुलियतनामा गराएको छ । कबुलियतनामा गराउँदा दिनगन्तीको हिसाबले ३३३ दिनमात्र बाँकी रहेकोले मु.अ. कर सहित रु १३,७७,३२४।८० रकम मात्र बुझाउनु पर्ने गरी सर्त निर्धारण गरिएको छ ।बाँकी दिनहरुमा अमानतबाट समेत राजस्व रकम असुली भएको छैन । नदिजन्य पदार्थको परिमाण तोकेर ठेक्का व्यवस्थापन भएकोमा समयलाई आधारमानी कबोल अंक भन्दा रु १३२३५५।४५ घटीमा सम्झौता गरेको देखिएकोले उक्त घटी रकम ब्याज सहित सम्बन्धितबाट असूल उपर गर्नुपर्ने रु ................... | १३२,३५५ |
| १६ | | | **आन्तरिक आय** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१ | | | कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| अन्तरिक श्रोत आय | | | |
|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | घटी।बढी प्रतिशत |
| ११३१३ एकीकृत सम्पती कर | २२२८६९१८ | ५२३८५९६.५ | 23.5 |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | १०००००००० | ६९४७१०० | 69.5 |
| १४१९१ पर्यटन शुल्क | १०००००००० | ० | 0.0 |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ६०००००० | १००५९०० | 167.7 |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ४०००००० | ९४६५३४१.१४ | 2366.3 |
| १४२४२ नक्सापास दस्तुर | ६५०००००० | ४११५४८ | 6.3 |
| १४२४३ सिफारिश दस्तुर | ३०००००० | ३६८९६८५.८५ | 123.0 |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | २४८५१० | 24.9 |
| १४२४५ नाता प्रमाणित दस्तुर | १०००००० | ४६,६३५ | 46.6 |
| जम्मा | ५३८८६९१८ | २७०५३३१६.४९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १६.२ | | | राजस्व छुट : पालिकाले आर्थिक बर्ष ०७७।७८ को लागि रोडाढुँगा गिट्टि बालुवाको संकलन तथा बिक्रि शुल्क उठाउने कार्यको लागी इन्द्रावती नदिको विभिन्न ५ स्थानबाट ८८,२८,७५०।- घन फिटको प्रदेश आर्थिक ऐनले तोकेको दर रु ९ प्रति घन फिटले जम्मा रु ७,९४,५८,७५०।- र सोको मु.अ. कर रु १,०३,२९,६३७।५० सहित जम्मा रु ८,९७,८८,३८७।५ न्युनतम कबोल अंक कायम गरी मिति ०७७।०२।३० मा सूचना आह्वान गरेकोमा सबै भन्दा बढी कबोल गर्ने बोलपत्रदाता श्री शिवश्री निर्माण सेवाको मु.अ. कर बाहेकको रु ८,७३,००,७७७।- कबोल अंक स्वीकृत गरी मिति ०७७।०४।०९ मा सम्झौता सम्पन्न गरेको छ । पालिकाले उक्त कार्यको सूचना प्रकाशन गर्दा सूचनाको बुँदा नं. २१ मा कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य नहुने कुरा उल्लेख गरेको तर श्री शिवश्री निर्माण सेवासँगको कबुलियतनामाको बुँदा नं. १५ मा काबु बाहिरको परिस्थितिमा बाहेक कर छुटको माग गर्ने छैन भन्ने सर्त राखी सम्झौता गरेको देखियो । यसरी सूचनामा राखिएको ब्यवस्थाले प्रतिस्पर्धालाई समेत असर पुर्याउने हुँदा कबुलियतनामामा सूचनामा राखिएको सर्तसंग बाझिने गरी सर्त राखेर कबुलियत एवं सम्झौता गर्ने कार्य उचित होइन । पालिकाले शिवश्री निर्माण सेवालाई कार्यपालिकाको निर्णय बमोजिम बाटो अवरुद्ध एवं निषेधाज्ञाको कारण देखाई मु.अ. कर सहित रु १,०१,३५,२६१।१० रकम छुट दिएको छ । यसरी सूचनामा उल्लेखित सर्त विपरित दिएको छुट रकम सम्बन्धितबाट ब्याज सहित असुल उपर गर्नुपर्ने रु .................. | १०,१३५,२६१ |
| १६.३ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । पालिकाका केहि वडाहरुले ऐनमा तोकिए बमोजिम समयमा दाखिला नगरी ४ महिना भन्दा ढिला गरी दाखिला गरेको देखिएको छ । यसरी ढिलागरी दाखिला गरेकोमा कुनै किसिमको जरिवाना एवं विभागीय कारबाही गरेको पाइएन । तसर्थ पालिकाले राजस्व रकम समयमा नै दाखिला गर्ने गराउने तर्फ ध्यान पुर्याउनु पर्ने देखिन्छ । | |
| १६.४ | | | घटी आम्दानीः इन्द्रावती नदिबाट नदिजन्य पदार्थ उत्खनन संकलन र बिक्रिका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम प्लट नं. १, २, ३, ४, ५, ६, ७ र ८ गरी जम्मा ८ वटा प्लटहरु निर्धारण भएकोमा प्लट नं. २, ३, ४, ६ र ८ मा मात्र उत्खनन, संकलन गर्न पाउने गरी ठेक्का आह्वान गरी श्री शिवजी निर्माण सेवाको रु ८,७३,००,७७७।- (मु.अ. कर बाहेक) को कबोल अंक स्वीकृत गरी मिति ०७७।४।९ मा कबुलियतनामा गरेको छ । पालिकाले प्लट नं. १, ५ र ७ प्लटहरुमा उत्खनन र संकलन गर्न नमिल्ने गरी सम्झौता समेत गरेको पाइयो । उक्त प्लटहरुबाट उत्खनन र संकलन गर्न नमिल्ने कुनै बस्तुनिष्ठ आधार खुलाएको समेत छैन । उक्त प्लट नं. १, ५ र ७ बाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार जम्मा २८,०७,५४२।५ घन फिट उत्खनन र संकलन गर्न सक्ने गरी प्रतिवेदन भएकोमा पालिकाले उक्त परिमाणको न्यूनतम दरले हुन आउने मु.अ. कर सहित रु २,८५,५२,७०७।२२५ रकम न्युनतम कबोल अंकमा समावेश नगरेको कारण आन्तरिक आयमा कमी हुन गएको देखिन्छ । यस सम्बन्धमा पालिकाले ध्यान पुर्याउनु पर्दछ । | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | | १८२२९१५ |

**बढि भुक्तानीः**

नेपाल सरकार भौतिक पूर्वाधार मन्त्रालयबाट स्वीकृत नर्म्स बमोजिम सडक कालोपत्रे गर्दा प्रयोग हुने Tack Coat प्रति वर्ग मीटर ०.५ केजी अर्थात् ०.४७६ लिटर प्रयोग हुने उल्लेख छ । पालिकाले देहायका सडकमा कालोपत्रे गर्दा उक्त नर्म्स बमोजिम नभई देहाय बमोजिम अन्यथा हुन गएकोमा बढी दायित्व परेको रु 18,22,914।81 रकम सम्बन्धीत निर्माण व्यवसायीबाट असूल उपर गर्नुपर्ने रु

| योजनाको नाम | निर्माण व्यवसायी | भुक्तानी हुनुपर्ने (०.४७६ लिटर प्रति वर्ग मीटरको दरले) | | | | भुक्तानी भएको/ दायित्व परेको | | | | बढी भुक्तानी दायित्व रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वर्ग मीटर | लिटर | दर | रकम | वर्ग मीटर | लिटर | दर | रकम | |
| कुन्ता नयाँगाँउ नगरकोट सडक कालोपत्रे | बन्दन भगवती/देव एण्ड सायर/ कामाख्या जे.भि. | 16212 | 7716.91 | 100 | 771691.2 | 16212 | 16212 | 100 | 1621200 | 849508.8 |
| तिनकुने सिपाघाट तल्लो बजार सडक कालोपत्रे | उमा एण्ड कम्पनी टक्सार जे.भि., काठमाण्डौं | 6318 | 3007.37 | 95 | 285699.96 | 6318 | 4422.6 | ९५ | ४२०१४७.०१ | १३४४४७.०५ |
| मकैबारी ट्याङ्की डाँडा सडक कालोपत्रे | टक्सार निर्माण सेवा प्रा.लि., काठमाण्डौं | 5312.5 | २५२८.७५ | ९५ | २४०२३१.२५ | ५३१२.५ | ५५७७.१३ | ९५ | ५२९९२२.३५ | २८९६९१.१ |
| हिगुवापाटी गैरि बिसौना नगरकोट सडक निर्माण कार्य | फट्टिकेश्वर निर्माण सेवा सिन्धुपाल्चोक | ५४०० | २५७०.४ | १२० | ३०८४४८. | ५४००. | १२०. | १२० | ६४८०००. | ३३९५५२. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | जम्मा | 1613198.95 | |
| | | | मु.अ. कर | 209715.86 | |
| | | | कुल जम्मा | 1822914.81 | |
